आज मिति २०८२ पौष ७ गते सोमबारका दिन ६५ औं कार्यपालिका वैठक महाङ्काल गाउँपालिकाका अध्यक्ष श्री गणेश बहादुर के.सी.ज्यूको अध्यक्षतामा-बसी तपसिलको उपस्थितीमा देहायका प्रस्तावहरु माथि छलफल गरी निर्णयहरु गरियो।

**उपस्थित**

| नाम थर | पद | हस्ताक्षर |
|---|---|---|
| श्री गणेश बहादुर के.सी. | अध्यक्ष | |
| श्री डोल्मा माया गोले | उपाध्यक्ष | |
| श्री राम प्रसाद घिमिरे | सदस्य | |
| श्री जोनी कुमार न्यासुर | सदस्य | |
| श्री मनोज कुमार पराजुली | सदस्य | |
| श्री कृष्ण प्रसाद तिमल्सिना | सदस्य | |
| श्री भुमिनन्द घिमिरे | सदस्य | |
| श्री विनोद चौरेल | सदस्य | |
| श्री लक्ष्मी संजेल | सदस्य | |
| श्री देवी माया लामा | सदस्य | |
| श्री मन्दिरा तिमल्सिना घिमिरे | सदस्य | |
| श्री रेनुका संजेल | सदस्य | |
| श्री गुम बहादुर ब्राहमु | सदस्य | |
| श्री चित्र कुमारी विश्वकर्मा | सदस्य | |
| श्री सन्दिप न्यौपाने | सदस्य सचिव | |

**सहजकर्ता**

| | | |
|---|---|---|
| श्री शरोज वेल्वासे | प्रशासन शाखा | |
| | | |
| | | |
| | | |

<u>मिति २०८२ साल पौष ७ गतेको ६५ औं कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु:</u>

## प्रस्तावहरु:

प्रस्ताव नं. १. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा।

प्रस्ताव नं. २. गाउँ सभाको हिउँदे अधिवेशन सम्बन्धमा।

प्रस्ताव नं. ३. माध्यामिक विद्यालयका लेखापालहरुको तलब समायोजन तथा शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा।

प्रस्ताव नं. ४. करार सम्झौता नविकरण सम्बन्धमा।

प्रस्ताव नं. ५. पोषण मैत्री स्थानीय शासन प्रर्वद्धन सम्बन्धमा

प्रस्ताव नं. ६. श्री मुनलाइट निर्माण सेवा प्रा.लि. लाई रकम भुक्तानी सम्बन्धमा।

प्रस्ताव नं. ७. बेरुजु फर्छ्यौट कार्यविधि र लेखा समिति कार्यविधि पारित गर्ने सम्बन्धमा।

प्रस्ताव नं. ८. बेरुजु फर्छ्यौटको लागि सिफारिस गर्ने सम्बन्धमा।

प्रस्ताव नं. ९. म्याद थप सम्बन्धमा।

प्रस्ताव नं. १०. विविध सम्बन्धमा।

## निर्णयहरू:

निर्णय नं. १. प्रस्ताव नं. १ माथि छलफल गर्दा यस गाउँपालिकाको अघिल्लो कार्यपालिका बैठकको निर्णय तथा कार्यन्वयनको अवस्थाको समिक्षा गरियो।

निर्णय नं. २. प्रस्ताव नं. २ माथि छलफल गर्दा आ.व. २०८२।०८३ को गाउँ सभाको हिउँदे अधिवेशन मिति २०८२ साल माघ १४ गते बुधवारको दिन सञ्चालन गर्ने निर्णय गरियो।

निर्णय नं. ३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस गाउँपालिकाका माध्यामिक विद्यालयहरुमा कार्यरत लेखापालहरुको तलब बालविकास सहजकर्ताहरुको तलबमा बीचमा न्युन रहेकोले तलब समायोजन गर्नको लागि प्रति लेखापाल कर्मचारी मासिक रु. १५ सयका दरले बालविकास शिक्षक तथा विद्यालय कर्मचारी थप पारिश्रमिक शीर्षकबाट थप हुने गरी मिति २०८२ साल माघ महिना देखि तलब भुक्तानी गर्ने गरी तलब समायोजन गर्ने सर्वसहमतले निर्णय गरियो साथै शिक्षा समितिको मिति २०८२ साल मंसिर २८ गतेको निर्णय समेत अनुमोदन गरियो।

निर्णय नं. ४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस गाउँपालिकामा कार्यरत सम्पूर्ण करार कर्मचारीहरुको करार सम्झौता मिति २०८२ साल पौष मसान्तसम्म मात्र रहेकोले आ.व. २०८२।०८३ को माघ महिना देखि अषाढ मसान्तसम्मको लागि करार सम्झौता नविकरण गर्ने निर्णय सर्वसहमतले गरियो।

सन्दिप न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

मिति २०८२ साल पौष ७ गतेको ६५ औं कार्यपालिका बैठका प्रस्ताव तथा निर्णयहरुः

निर्णय नं. ५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा पोषण मैत्री स्थानीय शासन प्रर्वद्धन सम्बन्धमा यस गाउँपालिकामा स्थानीय पोषण मैत्री शासन प्रवर्द्धनको लागि गठन भएको पालिका स्तरिय निर्देशक समितिलाई अनुमोदन गर्दै पोषण सुधारको लागि सामूहिक प्रतिवद्धता स्विकृत गरी, वडा नं. २ मानिखेल स्थित मानिखेल टोललाई पोषण मैत्री नमूना टोल घोषणा गर्नको लागि आवश्यक काम कारबाही अघि बढाउने निर्णय सर्वसहमतले गरियो।

निर्णय नं. ६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा श्री दाहाल निर्माण सेवा प्रा.लि. ले महाङ्काल गा.पा. मार्फत गोटिखेल बजार वरिपरिको Debris ढुवानी गर्ने गराउने क्रममा टिफर लोड गराउदा प्रयोग भएको एक्साभेटर मेसिनको जम्मा १६४.३ घण्टा प्रयोग भएको हुँदा प्रति घण्टा रु. ५५०० का दरले हुन आउने रकम श्री दाहाल निर्माण सेवा प्रा.लि. लाई भुक्तानीको लागि आगामी गाउँ सभामा पेश गर्ने निर्णय सर्वसहमतले गरियो।

निर्णय नं. ७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा बेरुजु फर्छ्यौट कार्यविधि, २०८२ र लेखा समिति गठन तथा सञ्चालन कार्यविधि, २०८२ सर्वसहमतले पारित गर्ने निर्णय गरियो।

निर्णय नं. ८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा महिला, बालबालिका शाखा, स्वास्थ्य शाखा र वडा नं. ६, ठुलादुर्लुङ्ग वडा कार्यालय मार्फत आएका (क्रमश) दर्ता नं. ११३३, ११३४ र ११३९ को निवेदन उपर बिभिन्न वर्षमा महालेखा परिक्षककी कार्यालय मार्फत अन्तिम लेखापरिक्षणका क्रममा अनियमित भएका बेरेजुहरुलाई गाउँ सभाद्वारा गठित लेखा समितिलाई बेरुजु फर्छ्यौट कार्यविधि, २०८२ बमोजिम नियमित गराउनको लागि लेखा समिति समक्ष पेश गर्ने निर्णय सर्वसहमतले गरियो।

निर्णय नं. ९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा मिति २०८१ साल आश्विन महिनामा आएको विपद् को कारण यस गाउँपालिकाको गोटिखेल बजारमा थुप्रिएको लेदो माटो सहितको ढुङ्गा तथा गिट्टीको व्यवस्थापनको लागि श्री गुरुरेम्बोछे निर्माण सेवा (दर्ता नं. २४९६२/३५/२०८१/०८२) लाई मिति २०८२ साल श्रावण २६ गतेसम्म अस्थायी क्रसर मार्फत उक्त पदार्थ व्यवस्थापनको लागि समय दिएकोमा उक्त निर्माण सेवाले व्यवस्थापकीय कार्य सम्पन्न गरिनसकेको हुनाले क्रस गर्न बाँकी रहेको स्टक (Debris) लाई प्रशोधन गरी तयारी निर्माण पदार्थ बनाउनका लागि मिति २०८२ साल माघ २५ गते सम्म ६ महिनाको लागि म्याद थप गर्ने निर्णय सर्वसहमतले गरियो।

सन्दिप न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

गणेश बहादुर के.सी.
अध्यक्ष

मिति २०८२ साल पौष ७ गतेको ६५ औं कार्यपालिका बैठका प्रस्ताव तथा निर्णयहरुः

निर्णय नं. १०. विविध माथि छलफल गर्दा तपसिल बमोजिमको निर्णय गरीयोः

क) महाङ्काल गाउँपालिका वडा नं. ६ ठूलादुर्लुङ्ग निवासी श्री प्रमिला बन्जराको निवेदन अनुसार निजका श्रीमान श्री राम शरण घिमिरे घाँस काट्ने क्रममा रुखबाट लडी नेसनल ट्रमा सेन्टरमा उपचारको क्रममा रहेको र निजको घरको आर्थिक अवस्था कमजोर रहेको हुनाले निजलाई आर्थिक सहयोग स्वरुप रू. १ लाख प्रदान गर्ने निर्णय सर्वसहमतले गरियो।

ख) महाङ्काल गाउँपालिका वडा नं. २ निवासी श्री साजन स्याङतानको असक्तताको कारण निजको स्वास्थ्य अवस्था दिनानुदिन विग्रदै गइरहेको हुनाले निजलाई थप उपचारको लागि आर्थिक सहयोग स्वरुप रु. ५० हजार प्रदान गर्ने निर्णय सर्वसहमतले गरियो।

ग) लेले-चन्दनपुर सडक खण्डको महाङ्काल गाउँपालिका वडा नं. ३ स्थित धामीखोलामा निर्माण भएको ह्युम पाइप मिति २०८१ आश्विन मा आएको वाढीले बगाएर लगेको कारण उक्त स्थानमा पुल निर्माण नगर्दा वर्षा याममा यातायात अबरुद्ध हुने हुनाले पूर्वाधार विकास कार्यालयलाई DPR सहित पक्की पुल निर्माणको लागि अनुरोध गर्ने निर्णय गरियो।

घ) महाङ्काल गाउँपालिका वडा नं. १ को "साउने मुलमा ग्याविन जाली भर्ने" शीर्षकमा ग्याविन जाली भर्ने कार्य गर्नको लागि रु. ३ लाख विपद् व्यवस्थापन कोषवाट भुक्तानी हुने गरी रकम विनियोजन गर्ने निर्णय सर्वसहमतले गरियो।

ङ) महाङ्काल गाउँपालिकाका सरकारी मोटरसाइकल प्रयोगकर्ताहरु (कर्मचारी तथा जनप्रतिनिधिहरु) लाई मर्मत बापतको रकम भुक्तानी नदिने निर्णय भएकोमा गाउँपालिकाको भौगोलिक बनोट तथा सडकको अवस्थालाई मध्येनजर गर्दै दुई पाङग्रे सवारी (सरकारी) प्रयोग गरिरहेका कर्मचारीहरूको सूची हेरफेर गरी आवश्यकता र औचित्यताको आधारमा पूनःवितरण गरी मर्मत खर्च वापतको रकम अधिकतम रु. १५ हजारका दरले सम्वन्धित दुई पाङ्ग्रे सवारी प्रयोगकर्ताहरुलाई उपलब्ध गराउने निर्णय गरियो।

च) महाङ्काल गाउँपालिका वडा नं. ५ निवासी श्री हस्त बहादुर गोलेको मिति २०८२ साल पौष १ गतेको निवेदन माग अनुसार चन्दनपुर-ठूलादुर्लुङ्ग सडक योजनाको निर्माण क्रममा श्री सिद्धार्थ रुपकाली जे.भी. कम्पनिको तर्फबाट निर्माण कार्य गर्दा खेती योग्य बारी ढुङ्गा, माटोले पुरिएको तथा वर्षातको पहिरोबाट उब्जन योग्य जमिन भिरमा परिणत भएको हुँदा वडा नं. ५ का वडा अध्यक्ष तथा साइट ठेकेदार समेतको उपस्थितीमा बारी बनाउने सहमती भएता पनि हालसम्म सो को कार्यन्वयन नभएको भनि गुनासो प्राप्त भएकोले सो सम्वन्धमा जिल्ला पूर्वाधार विकास कार्यालय मार्फत उक्त निर्माण कम्पनिलाई अनुरोध गर्ने निर्णय सर्वसहमतले गरियो।

सन्दिप न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

मिति २०८२ साल पौष ७ गतेको ६५ औं कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरुः

छ) गोटिखेल बजार क्षेत्र खोला नियन्त्रण तथा बस्ती व्यवस्थापन शीर्षकबाट खर्च लेख्ने गरी धामीखोला दोभानदेखि प्रहरी चौकी अगाडि मूल खोला नियन्त्रण शीर्षकमा रु. ४३,००,०००/- (अक्षरेपि त्रिचालिस लाख मात्र) खर्च गर्ने गरी स्वीकृत गर्ने निर्णय गरियो।

सन्दिप न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

गणेश बहादुर के.सी.
अध्यक्ष